# ५

# सत असतको बीचमा वा ख्रीष्ट र शैतानको बीचमा महान् बैचारिक युद्धको निरन्तरता

*<u>यस अध्यायका मूल पदहरू:</u>* १ शमूएल १७:४३-५१, २ शमूएल ११:१-१७, १ राजा १८:२१-३९, २ राजा १९:२१-३४, एस्तर ३:८-११, नेहमिया १।

*<u>यस अध्यायको स्मर्ण गर्नुपर्ने मूल पद:</u>* "परमेश्वरको अनुग्रही हातले मलाई कसरी सहायता गरिरहनुभयो भनेर मैले तिनीहरूलाई पनि भनेको थिएँ। राजाले मलाई के भन्नुभयो सो पनि मैले तिनीहरूलाई भनेको थिएँ। अनि तिनीहरूले जवाफ दिए 'त्यसोभए हामी निर्माणको काम पून चालु गरौं।' त्यसरी तिनीहरूले असल काम सुरू गर्न थाले।" (नेहमिया २:१८ रूपान्तरित)।

जब हामी दाउद, एलिया, राजा हेजकिया, एस्तर र नेहमियाका आपसी जीवनहरूलाई तुलना गरेर हेर्दछौं, हामीहरूले एउटै बिषयबस्तु उत्रिरहेको पाउँछौं: समाजले तिरस्कृत, अपरिचित, अयोग्य वा महत्त्वपूर्ण नमानिएका मानिसहरूद्वारा पापको छाललाई फर्काउन परमेश्वरले प्रयोग गर्नुहुन्छ। तिनीहरूका जीवनका केही कथाहरूले हामीले यो सिक्न सक्दछौं कि जतिसुकै भयङ्कर बाधा तथा तगारोहरूको सामना गर्नुपरेतापनि शक्तिशाली दुष्ट शैतानसँग कमजोर भएर झुक्नु आवश्यक छैन। तर हामी बलियो खम्बा जस्तो भएर निडरसाथ उभिन सक्छौं तर त्यो केवल परमेश्वरको शक्तिले मात्र। परमेश्वरले बाँध्नुभएको करारप्रति उहाँ जहिले पनि निष्ठावान वा बिश्वासिलो हुनुहुन्छ। उहाँले उहाँका योद्धाहरूलाई दिनुभएको वचन वा प्रतिज्ञाहरू हाम्रो निम्ति येशूमा पूरा गरिदिनुभएको छ। जब परमेश्वरका जनहरू उहाँको बलमा हिँडिरहन्छ भने परमेश्वरका जनहरूले यो महसुस गर्नेछन् कि दुष्टका शक्तिहरू त्यस्तो शक्तिशाली छैन जसले तिनीहरूमाथि सफलता हासिल गर्न सक्छ।

परमेश्वरको उद्धार गर्ने वा मुक्ति दिने शक्तिमा प्रसन्न भएर बस्न सक्ने खुबीमा नै हामीहरूको दृष्टि हुनुपर्छ। त्यसलाई आत्मसात् गर्न सक्नु हामीहरूको चुनौति हो। जीवनमा आइपर्ने अनेकौं यथार्थ चुनौति र बाधाअर्चनहरूको बीचमा परमेश्वरको बलमा भरपर्नु भनेको कतिपयको निम्ति हास्यास्पद हुन सक्छ। हामीहरूभन्दा ठूलो चुनौतिहरूले हामीलाई छोप्न सक्छ। परमेश्वरले गर्नुहुने उद्धारिय कामभन्दा अघि उहाँको उद्धार गर्ने शक्तिमा भर

परेर आनन्दित हुनु भनेको उहाँप्रति निष्ठावान भएर बस्न सक्नु र उहाँको उपासना गर्नु हो। खीष्टले हाम्रो निम्ति जे गर्नुभयो त्यसकै आधारमा परमेश्वरमा हुने बिश्वनियतामाथि भरपरेर सक्रिय हुनु नै हाम्रो जीवनको अत्यन्त अर्थपूर्ण लक्ष्य हुनुपर्छ।

## १. दाउद, गोलायथ र बिथशिबा (१ शमूएल १७:४३-५१) ३२

हाम्रो जीवन बुझ्न त्यत्तिको सजिलो छैन। हामी मानव भएको कारणले नै मानव विज्ञान आफै नै जतिल बिषयबस्तु भएको हामी पाउँछौं। हामी परमेश्वरको स्वरुपमा सृजिएका हौं रे! त्यो पनि सारा जगतका सृष्टिकर्ताको स्वरुपमा! हामी परमेश्वरकै स्वरुपमा सृष्टि भएतापनि हामीहरूको स्वभावले उहाँको बिरुद्धमा जाने र उहाँको नीतिमा चल्न नचाहने तत्वले हामीहरूको दिमागमा अड्डा जमाएको पाउँछौं। त्यसैकारणले होला असल र खराब गर्ने हामीहरूको सामर्थ्य उच्च तहमा पुऱ्याउन सकिरहेका छौं। कोही मानिस भलाई गर्न  अति उच्च स्तरमा पुगेको र कोही मानिस दुष्ट काम गर्न अत्यन्त तल्लो स्तरमा पुग्ने मात्र होइन। तर कोही मानिस भलाई गर्न अत्यन्त उच्च स्तरमा पुग्न सक्छ भने त्यही मानिस दुष्ट काम गर्न पनि अति तल्लो तथा अमानविय स्तरमा गिर्न सक्छ। हामीहरूको लागि अति महान् सुसमाचार त यो छ कि एक फेरा अत तल्लो स्तरमा झरिरहेको व्यक्ति परमेश्वरको अनुग्रहले उहाँको निम्ति र समस्त मानव कल्याणको निम्ति अति महान कार्य गर्न सक्दछ। त्यसको बिपरित पनि सत्य हो। जो मानिस अत्यन्त माथिल्लो स्तरमा चढेको छ भने त्यही मानिस अत्यन्त तल्लो स्तर तथा दुष्ट काम गर्न पनि झर्न सक्छ। त्यसको यथार्थ ज्वलन्त उदाहरण शैतान हो। यस संसारमा सत्य र असत्यको युद्ध वा ख्रीष्ट र शैतानको बीचमा भएको र भइरहेको प्रतिस्पर्धात्मक महान् बैचारिक युद्ध कुनै मनगढन्ते नभएर यथार्थ हो। यदि हामीहरूको दैनिक जीवनमा परमेश्वरसँग गाँसिरहन सकेनौं भने हामी जतिसुकै मैहुँ भनेर दावी गर्ने अरूमात्र होइन येशूभक्त पनि शैतानको धरापमा सजिलैसँग पर्न सक्छ (१ पत्रुस ५:८)।

इस्राएल इतिहासमा स्थापना गरिएको राजकिय संरचनामा राजा दाउद दोस्रो अत्यन्त सम्माननीय, आदरणीय र परमेश्वरको अत्यन्त परमभक्त उपासक राजा थिए। उनको मामिलामा दुई बिवरणहरू देहायका केवल दुई अंशहरू उदृध गरिएको छ। त्यसमा दाउदको अत्यन्त बिपरित चरित्रलाई

कसरी उदाङ्गो पारेको छ सो सोच्न खोज्नुहोस्। उनका शत्रुहरूमाथि बिजयी हुँदा उनको मुखबाट निस्केको बिजयको आह्वान र उनी अत्यन्त तल्लो स्तरमा गिरेको बिबरणहरूमा के भिन्नता पाइएको छ? हेर्नुहोस्: १ शमूएल १७:४०-५१ "४० त्यसपछि तिनले (दाउदले) आफ्नो लट्ठी उठाए, र खोलाबाट पाँच वटा चिल्ला-चिल्ला ढुङ्गा चुने, र ती आफ्नो गोठालाको झोलाभित्रको थैलीमा हाले। तब तिनी आफ्नो घुयेँत्रो लिएर त्यस पलिश्तीसँग (गोल्यत) लड्नलाई गए। ४१ आफ्ना हतियार बोक्नेलाई अगि लगाएर त्यो पलिश्ती दाऊद भएतिर बढ्यो। ४२ त्यसले दाऊदलाई नियालेर हेर्‍यो, र राता-राता गाला भएका सुन्दर ठिटालाई देखेर तिनलाई घृणा गर्न लाग्यो। ४३ त्यसले दाऊदलाई भन्यो, "के म कुकुर हुँ, र लाठाहरू लिएर मसँग लड्न आउँछस्?" त्यसले आफ्ना देवताहरूका नाउँमा दाऊदलाई सराप्न लाग्यो। ४४ त्यसले भन्यो, "आइज, म तेरो मासु आकाशका चराहरू र जमिनका जनावरहरूलाई खान दिनेछु।" ४५ दाऊदले जवाफ दिए, "तँ त मसँग लड्न तरवार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैंले विरोध गरेको इस्राएलका फौजहरूका परमेश्‍वर, सर्वशक्तिमान् परमप्रभुको नाउँमा आएको छु। ४६ आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ, र म तँलाई मारेर तेरो टाउको काट्नेछु। आज पलिश्तीहरूका लाश आकाशका चरा र जमिनका जनावरहरूलाई खुवाउनेछु, र इस्राएलमा एउटा परमेश्‍वर हुनुहुँदोरहेछ भनी सारा संसारले थाहा पाउनेछ। ४७ यहाँ भेला भएका सबैले जान्नेछन् कि परमप्रभुले न त तरवार न भालाद्वारा बचाउनुहुन्छ। किनभने लड़ाइँ परमप्रभुकै हो, र उहाँले तिमीहरू सबैलाई हाम्रा हातमा सुम्पिदिनुहुनेछ।" ४८ जब त्यो पलिश्ती तिनी भएतिर बढ्न लाग्यो तब दाऊदले त्यससँग लड्नलाई तुरुन्तै अगि कुदेर गए। ४९ तिनले आफ्नो हात झोलामा हालेर एउटा ढुङ्गा निकाले, र घुयेँत्रोमा राखेर त्यस पलिश्तीको निधारमा हाने। त्यो ढुङ्गा निधारैमा गाड़ियो र त्यो घोप्टो परेर भूइँमा लोट्यो। ५० यसरी दाऊद आफ्नो घुयेँत्रो र ढुङ्गाले विजयी भए। आफूसित तरवार नभए तापनि तिनले गोल्यतलाई हिर्काएर लड़ाए, र मारे। ५१ तिनी कुदेर त्यस पलिश्ती लड़ेको ठाउँमा गए, र छेउमा खड़ा भए। अनि तिनले त्यसैको तरवार म्यानबाट थुतेर त्यसलाई खतम गरेर त्यसको टाउको काटिदिए। जब पलिश्तीहरूले आफ्नो वीर पुरुष मारिएको देखे, तब उनीहरू फर्केर भागे।" र २ शमूएल ११:१-१७ "१ बसन्त ऋतुमा जब राजाहरू लड़ाइँ गर्नलाई निस्कन्छन्, दाऊदले योआब र आफ्ना अरू

अधिकृतहरू र सबै इस्राएलका फौजलाई पठाए, र तिनीहरूले अम्मोनीहरूलाई
ध्वंस पारे, र रब्बालाई घेरे। तर दाऊदचाहिँ यरूशलेममा नै रहे। २ एक
बेलुकी दाऊद पलङ्गबाट उठेर महलको कौसीमाथि घुमिरहेका बेलामा तिनले
एउटी स्त्रीलाई नुहाइरहेकी देखे, अनि तिनी अति सुन्दरी थिइन्। ३ तिनी को
हुन् भनी सोधपूछ गर्नलाई तिनले मानिस पठाए, र यस्तो खबर आयो, "के तिनी
एलीआमकी छोरी हित्ती उरियाहकी पत्नी बतशेबा होइनन् र?" ४ दाऊदले
तिनलाई ल्याउन मानिसहरू पठाए, अनि तिनी आइन्, र दाऊदले तिनीसित
सहवास गरे। (तिनले आफ्नो रजस्वलाको बेलापछि आफैलाई शुद्ध पारेकी
थिइन्।) त्यसपछि तिनी आफ्नो घरमा गइन्। ५ तिनी गर्भवती भइन्, र तिनले
"गर्भवती भएँ" भनेर दाऊदकहाँ समाचार पठाइन्। ६ दाऊदले "हित्ती
उरियाहलाई मकहाँ पठाइदिनू" भनेर योआबलाई हुकुम गरे। तब योआबले
त्यसलाई दाऊदकहाँ पठाइदिए। ७ अनि जब उरियाह आइपुग्यो तब दाऊदले
योआब र फौजको समाचार र लड़ाइँ कस्तो चलिरहेको छ भनी सोधे। ८
त्यसपछि दाऊदले उरियाहलाई भने, "तिम्रो घर गएर आफ्ना खुट्टा धोऊ।" त्यो
महलबाट निस्केपछि राजाले त्यसको पछिपछि उपहार पठाइदिए। ९ तर
उरियाह आफ्नो घरमा गएन, तर राजाका दासहरूसँग महलको मूल ढोकामै
सुत्यो। १० "उरियाह त आफ्नो घरमा गएको छैन" भनी दाऊदले सुनेपछि
त्यसलाई भने, "तिमी त लामो यात्राबाट आएका होइनौ र? तिमी किन आफ्नो
घरमा गएनौ?" ११ उरियाहले उत्तर दियो, "इस्राएल र यहूदा र सन्दूक पनि
पालमा छन्, अनि मेरा स्वामी योआब र हजूरका अधिकृतहरू खुला मैदानमा
पालमा छन्। म त कसरीखान र पिउन र मेरी पत्नीसित सुत्नलाई घरमा
जाऊँ? हजूरको जीवनको शपथ खाएर भन्दछु, कि म त्यसो गर्न सक्दिनँ।" १२
तब दाऊदले उरियाहलाई भने, "त्यसो भए अरू एक दिन यहीँ बस र भोलि म
तिमीलाई जान दिनेछु।" यसैले उरियाह त्यस दिन र भोलिपल्ट यरूशलेममा नै
बस्यो। १३ दाऊदले त्यसलाई खानपान गर्नलाई निम्तो दिए, र त्यसलाई
मत्त्याए। तर बेलुकी त्यो बाहिर गयो र राजाका दासहरूसितै आफ्नो
ओछ्यानमा त्यसले रात बितायो, र घरमा गएन। १४ भोलिपल्ट बिहान
दाऊदले योआबलाई एउटा चिट्ठी लेखेर उरियाहको हातमा पठाए। १५
तिनले चिट्ठीमा लेखे, "शत्रुकै मुखमा, जहाँ लड़ाइँ खूब मच्चिएको छ, त्यहाँ
उरियाहलाई पठाएर तिमीहरूचाहिँ पछि हट, र त्यो मरोस्।" १६ यसैकारण
जब योआबले सहरलाई घेरा हालेका थिए, तब तिनले उरियाहलाई यस्तो

ठाउँमा खटाइदिए, जुन ठाउँमा कड़ा मुकाबिला हुनेछ भनी तिनलाई थाहा थियो। १७ सहरका मानिसहरूले एक्कासि निस्केर योआबसँग लड़ाइँ गर्न लागे,र दाऊदका केही सिपाहीहरू मारिए। हित्ती उरियाह पनि मारियो।"

त्यही दाउद जो फिलिस्तीहरूको अत्यन्त अल्गो र भयानक योद्धा गोल्यातलाई जाबो एउटा सानो ढुङ्गोले मार्न सफल भए पनि त्यही दाउद आफ्नै शारीरिक अभिलाषा र आत्मबिश्वासले अभिमानी भएर आफूबाट आफै हार्न पुगेका थिए। दाउदका अरू पत्नीहरू त थिए नै। फेरि उनलाई अर्को किन चाहियो? त्यो पनि बिबाहित! त्यही व्यक्ति जसले "यो लडाँई त परमेश्वरको हो" (१ शमूएल १७:१४) वा "तिमीहरूले थाहा पाओस् कि इस्राएलमा परमेश्वर हुनुहुन्छ" (१ शमूएल १७:४०) भनेर घन्काउने दाउदले यो जान्नु आवश्यक थियो कि सत्य युद्ध मैदान इलाको उपत्यकामा होइन तर उनको आफ्नै हृदय हो। त्यो युद्ध हामी प्रत्येकको हृदयमा आज पनि जारी छ।

तर परमेश्वरले अगमवक्ता नथनिएलबाट दाउदकै सम्मुख उनको भन्दाफोर गरेपछि बेथशिबालाई गरेको भयङ्कर अन्यायको महसुस गर्न पुगे। त्यो एउटा अपराधले उनको जीवनभर पिरोलेको थियो। आफ्नो पापमय अत्याचारको पश्चाताप र दुःख व्यक्त गर्दै उनले प्रशिद्ध भजन ५१ रच्न पुगे। यसमा आफ्नो लागि सफा हृदय र परमेश्वरसँग पुन सम्बन्ध गाँस्न उहाँसँग अनुनय बिन्ति चढाउँछन् (भजन ५१:१०,११,१२)। ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्धमा बिश्वासमा होस् वा जतिसुकै वा जुनसुकैमा पनि बीर कहलाउने लौह वा महान् व्यक्तित्व किन नहोस् तल्लो स्तरको मानिसमात्र होइन उनी पनि तल्लो स्तरमा खस्किन सक्छ भन्ने सबुद प्रमाण दाउदको जीवन कहानीले बताउँछ। यद्यपि त्यसको बाबजुद पनि हृदयदेखि पश्चाताप गरेर सुमार्गमा हिँड्न चाहने व्यक्तिद्वारा परमेश्वरको काम गर्न चाहनुहुन्छ भन्ने प्रमाण बाइबलले प्रस्तुत गर्दछ।

तपाईंको जितेको जीवन, हारेको वा निराश भएको जीवन र तपाईं असफलताको भुमरीमा परेको जीवनको बारेमा अहिले नै सोच्नुहोस्। बाइबलका पात्रहरूबाट सिकिएका पाठहरूबाट तपाईं अहिले जुनसुकै परिस्थितिमा भएतापनि त्यसको सामना गर्न तपाईं सक्षम् हुनसक्नुहुन्छ भनेर तपाईंले कसरी प्रतिवद्धता जनाउने?

## २. तिनीहरूको हृदयलाई फर्काउन (१ राजा १८:२१-३९)

बाइबलमा अत्यन्त रोचक तथा जीवनको पर्दामा रङ्गिएका पात्रहरूमा टेशबाइटको एलिया एक उल्लेनीय पात्र हुनुपर्छ। हाम्रो पहिलो भेट उनीसँग त्यसबेला भएको थियो जब उनले अचम्भित राजाको मुखमै तिन बर्षसम्म इस्राएलमा खडेरी पर्नेछ भनेर तितो भविष्यवाणी गरेका थिए (१ राजा १७:१)। राजाकहाँ पुग्नु सजिलो थिएन र राजाबाट उम्कनु पनि सजिलो थिएन। छालाको पेटी लगाएको एलिया परमेश्वरको सन्देश राजालाई सुनाएर सुरक्षा गार्डहरूबाट उनी सुटुक्क चिप्लिन्छन् र बाऱ्ह किलोमिटर वा सात माइल पहाडमा लुक्न जान्छन्।

उत्तरी इस्राएलको निम्ति त्यो कहालीलाग्दो समय थियो। प्रायजसो सबै देशबासीहरूले परमेश्वरलाई बिश्वास गर्न छोडेका थिए (१ राजा १९:१०)। तिनीहरूले कठित तथा मानव आशिष्कारित बाल जस्ता देवी देवताहरूलाई पुजा गरेका थिए। पानी पर्नेछैन भनेर एलियाले भन्नुको अर्थ बाल देवतालाई चुनौती दिनु जस्तो थियो किनभने उक्त देवता पानी पार्ने देवता हो र उसले जमिनलाई उर्बरा बनाउँछ र बस्तुभाऊहरूलाई बढाउँछ जसले गर्दा किसानीहरू सम्पन्न हुन्छ भनेर इस्राएलका जनताहरूले बिश्वास गर्दथे। सन्तान दिने र आयस्रोत बढाउने भनेर पुजा गरिने देवताहरू तिनीहरूका मूल देवताहरू थिए।

अबको तिन बर्षसम्म सन्तान उत्पादन गर्ने तथा आकाशबाट बर्षा पठाउने भगवानहरू नीरिह हुन्छन्। पत्थरका देवताहरू भएकाले तिनीहरूले केही पनि गर्न सक्दैनन्। अनि फेरि एलिया राजाकहाँ अचानक देखा परेर यो चुनौती दिन्छन्;: ल म र तपाईंले तथा तपाईंका जनताले पूजा गर्ने बाल देवता र सन्तानेश्वरी देवी आशराहका पूजारी तथा भविष्यवक्ताहरूको बीचमा प्रतिस्पर्धा गरौं। कसको परमेश्वर जीवित र शक्तिशाली रहेछ, जाँचौं! एलिया एक्लै थियो तर त्यसबेला पूजा गर्ने देबीदेवताहरूका पूजारीहरू ८५० जना थिए (१ राजा १८:१७-२०)। राजाले त्यो चुनौती स्वीकार गर्दछन् र बाल तथा अरू देवीहरूका पूजारी तथा अगमबक्ताहरूलाई जम्मा गर्दछन्।

जब दिन आउँछ त कर्मेलको पहाडको चुचुरोमा राजा तथा सर्बश्रीमानेका बाल देवताको पक्षमा जनलहर जम्मा हुन्छन् तर एलिया भने एक्लै ठिङ्ग उभिन्छन्। त्यहाँ दुई बेदीहरू खडा गर्छन्। त्यसबेला कसलाई सर्वश्री मान्ने भनेर रोज्न त्यहाँ जम्मा भएका आमजनतालाई एलियाले आह्वान

गर्दछन् "हैन, तपाईंहरू कहिलेसम्म दोधारमा बस्नुहुन्छ? " (१ राजा १८:२१ रूपान्तरित)। त्यसबेलाको धार्मिक संस्कार अनुसरा बली दिन साँढेहरू बेदीका दाउराहरूमाथि मारेर राख्छन्। कुनचाहीं परमेश्वरले आकाशबाट आगो पठाएर भष्म गर्छन्  त्यही नै परमेश्वर मान भनेर एलियाले चुनौती दिन्छन्। पुरानो करारको सभ्यतामा साँढेहरू सन्तानेश्वर देवताको प्रभावकारी प्रतिकको रूपमा लिइन्थ्यो। सन्तान दिने देवीदेवताहरूले तिनीहरूलाई पूजा गर्ने पूजारीहरूको प्रार्थना सुन्नेछ भनेर त्यहाँ उभिएका जनताहरू ढुक्क थिए। त्यस सनसनीपूर्ण वातावरणमा के भयो?

हेर्नुर्होस् १ राजा १८:१६-३९। त्यहाँ ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्धको मूल बिषयबस्तु प्रतिस्पर्धात्मक रूपमा आमजनताको सामु खडा भएको थियो। तर एलियाले इस्राएलमा के भएको चाहेका थिए? उनको चाहना बर्तमान परिप्रेक्ष्यमा हामीलाई पनि किन महत्त्वपूर्ण छ? हेर्नुहोस्: "१६ तब ओबदिया आहाबलाई भेट्न गए, र तिनलाई भनिदिए, र आहाब एलियालाई भेट गर्न गए। १७ जब आहाबले एलियालाई देखे, तब तिनले एलियालाई भने, "इस्राएललाई कष्ट दिने तिमी नै हौ?" १८ एलियाले जवाफ दिए, "इस्राएललाई कष्ट मैले दिएको होइनँ, तर तपाईं र तपाईंका पिताका परिवारले पो हो। तपाईं परमप्रभुका आज्ञा त्यागी बाल देवताहरूको पछि लाग्नुभएको छ। १९ अब तपाईंले मलाई कर्मेल डाँड़ामा भेट गर्न इस्राएलबाट सारा मानिसहरूलाई बोलाउनुहोस्। अनि बालका ती चार सय पचास अगमवक्ता र अशेराका चार सय अगमवक्ता, जसले ईजेबेलको टेबिलमा बसेर खाने गर्दछन्, ती पनि ल्याएर आउनुहोस्।" २० यसैले आहाबले समस्त इस्राएलीहरूमा समाचार पठाए, र सबै अगमवक्ताहरूलाई कर्मेल डाँड़ामा भेला गराए। २१ एलियाले मानिसहरूका अगि आएर भने, "तिमीहरू कहिलेसम्म दोधारमा बसिरहन्छौ? यदि परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ। तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ।" तर मानिसहरूले केही भनेनन्। २२ तब एलियाले तिनीहरूलाई भने, "परमप्रभुका अगमवक्ताहरूमा त केवल म मात्र बाँकी रहेको छु, तर बालका त चार सय पचास अगमवक्ताहरू छन्। २३ अब हाम्रा निम्ति दुई वटा साँढ़े ल्याओ। उनीहरूले आफ्ना निम्ति एउटा छानेर टुक्रा-टुक्रा गरी काटेर आगो नलगाईकन दाउरामाथि राखून्। अनि मचाहिँ त्यो अर्कोलाई तयार गरेर आगो नलाईकन दाउरामाथि राख्नेछु। २४ तब तिमीहरू आफ्नो देवता पुकार, र म

परमप्रभुको नाउँ पुकार्नेछु। त्यो देवता जसले आगोद्वारा जवाफ दिनुहुन्छ, त्यही
नै परमेश्वर हुनुहुन्छ।" तब सबै मानिसहरूले भने, "तपाईंले भन्नुभएको कुरा
असल हो।" २५ एलियाले बालका अगमवक्ताहरूलाई भने, "एउटा साँढ़े छान, र
त्यसलाई पहिले तयार गर, किनभने तिमीहरू यति धेरै छौ। आफ्नो देवताको
नाउँ पुकार, तर आगोचाहिँ नलगाओ।" २६ यसैले आफूहरूलाई दिएको साँढ़े
उनीहरूले लिएर तयार गरे। तब बालको नाउँ लिएर उनीहरूले बिहानदेखि
मध्यान्हसम्म यसो भनेर पुकारे, "हे बाल, हामीलाई जवाफ दिनुहोस्।" तर केही
प्रत्युत्तर आएन। अनि आफूहरूले बनाएको वेदीको वरिपरि उनीहरू खूब उफ्रँदै
नाचे। २७ मध्यदिनमा एलियाले यसो भनेर उनीहरूलाई ठट्टा गर्न लागे, "अझ
जोरसित कराओ। निश्चय नै त्यो त देवता हो! शायद ऊ घोर ध्यानमा मग्न
होला, अथवा काममा व्यस्त होला वा यात्रामा गएको होला। शायद ऊ
सुतिरहेको होला र उठाउनुपर्छ।" २८ यसैले उनीहरू अझै जोरसित कराए, र
उनीहरूको दस्तूरअनुसार तरवार र भालाले रगत नबगुञ्जेल आफैलाई चोट
पारे। २९ मध्यदिन बित्यो, र साँझको बलिदान चढ़ाउने बेलासम्म उनीहरूले
बरबराउँदै अगमवाणी कहँदैरहे। तर कुनै प्रत्युत्तर आएन, कसैले जवाफ दिएन,
न कसैले ध्यान नै दिए। ३० तब एलियाले सबै मानिसहरूलाई भने, "यहाँ
मकहाँ आओ।" तिनीहरू तिनीकहाँ आए। त्यसपछि परमप्रभुको भत्केको
वेदीलाई तिनले मरम्मत गरे। ३१ एलियाले बाह्र वटा ढुङ्गा लिए, प्रत्येक ढुङ्गा
याकूबबाट आएको एक-एक कुलको निम्ति, जसकहाँ परमप्रभुको यसो भन्ने
वचन आएको थियो, "तेरो नाउँ इस्राएल हुनेछ।" ३२ ती ढुङ्गाहरू लिएर तिनले
परमप्रभुको नाउँमा एउटा वेदी बनाए। तिनले त्यस वेदीको वरिपरि पन्ध्र लिटर
जति बीउ जाने ठूलो खाड़ल खने। ३३ तिनले दाउरा मिलाए र त्यस साँढ़ेलाई
टुक्रा-टुक्रा काटेर दाउरामाथि राखे। तब तिनले तिनीहरूलाई भने, "चार गाग्रा
पानी भरेर यो बलि र दाउरामाथि खन्याइदेओ।" ३४ तिनले भने, "फेरि त्यसै
गर।" अनि तिनीहरूले फेरि त्यसै गरे। तिनले हुकुम गरे, "तेस्रो खेप पनि त्यसै
गर।" तिनीहरूले तेस्रो खेप त्यसै गरे। ३५ पानी वेदीका चारैतिर पोखिएर
खाड़ल पनि भरियो। ३६ बलिदानको बेलामा एलिया अगमवक्ताले अगि बढ़ेर
प्रार्थना गरे, "हे परमप्रभु, अब्राहाम, इसहाक र इस्राएलका परमेश्वर, इस्राएलमा
तपाईं परमेश्वर हुनुहुन्छ, र मचाहिँ तपाईंको दास हुँ, र यी सबै काम तपाईंको
आज्ञाअनुसार मैले गरेको छु भनी आज थाहा होस्। ३७ मलाई जवाफ
दिनुहोस्, हे परमप्रभु, जवाफ दिनुहोस्, र यी मानिसहरूले जानून्, कि तपाईं

परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र तपाईंले नै तिनीहरूका मन फर्काउँदैहुनुहुन्छ।" ३८ तब परमप्रभुको आगो बर्स्यो र आगोले बलिदान, दाउरा, ढुङ्गाहरू र माटो भस्म पार्‍यो, र खाड़लको पानी पनि सुकाइदियो। ३९ जब सबै मानिसहरूले यो देखे, तब तिनीहरू भूइँमा घोप्टो परी कराएर भने, "परमप्रभु उहाँ नै परमेश्वर हुनुहुँदोरहेछ! परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुँदोरहेछ!"

माथिको बिवरणले जे भन्नुपर्थ्यो सो भनेको छ। आश्चर्य काम अत्यन्त गजबको थियो। तर आश्चर्य काम मूल बिषयबस्तु थिएन। तर परमेश्वरसँग बाँधिएको करारप्रति इस्राएलीहरू प्रतिवद्ध भएर बस्ने कि नबस्ने भन्ने नै मूल बिषय थियो। फेरि तिनीहरूको हृदय फर्काउने को थिए? परमेश्वर आफै थिए। अचम्मको काम सम्पन्न हुनुभन्दा अघि नै मानिसहरूको हृदय फर्काउने काम परमेश्वरले गर्नुभएको थियो। तर उहाँले जबरजस्ती मानिसहरूको हृदय तिनीहरूको अनुमतीबिना आफूतिर फर्काउनुहुन्न। उहाँले उहाँको पवित्र आत्मा पठाउनुहुन्छ। अनि उहाँको अगुवाईमा मानिसहरूले आआफ्ना हृदयहरू उहाँतिर फर्काउने कि नफर्काउने भनेर आत्मनिर्णय गर्नुपर्थ्यो। त्यो काम परमेश्वरको बलले मात्र गर्न सकिन्थ्यो। त्यस मामिलामा अहिले पनि केही फरक छैन। परमेश्वरको शक्तिलेमात्र प्रत्येक मानिसको हृदयको धदकन जारी भइरहेको हुन्छ। तर आफ्नो हृदयलाई सम्हालेर परमेश्वरतिर मन फर्काउन चाहेन भने उहाँले तिनीहरूलाई कर गर्नुहुन्न।

## ३. परमेश्वरसँग बिद्रोह गर्नेको वाक युद्ध (२ राजा १८:२९-३०)

इस्राएलका टुक्रिएका राज्यहरूमा यहूदा एक पनि थियो। यहूदा राज्यमा हेजकिया राजा भएको बेलामा असेरिया देश नयाँ शक्तिशाली साम्राज्य भएर निस्केको थियो। त्यसबेला उत्तरी इस्राएल राज्यमा असेरियाले आक्रमण गरेर त्यहाँका जनताहरूलाई मेसोपोटामियाका देशहरूमा छरपस्त पारेका थिए (२ राजा १८:९-१२)। "उत्तरी इस्राएलमा रहेका मानिसहरूलाई परमेश्वरले कुनै प्रकारले सहयोग गर्न रोज्नुभएन। त्यसकारण उहाँले आफ्ना मानिसहरूलाई उहाँप्रति श्रद्धा नराख्ने जातिहरूमा छरिन दिनुभयो। यसरी उहाँलाई विश्वास नगर्ने जगतका मानिसहरूले ती छरिएका इस्राएलीहरूबाट भविष्यमा जन्मिने सारा मानिसका उद्धारकर्तालाई बिश्वास गर्ने कि नगर्ने भन्ने आत्मनिर्णय गर्न अवसर दिनुभएको थियो। इस्राएलका जनताहरूमा भएका

दुःखकष्टद्वारा संसारका सारा राज्यहरूका सामु उहाँको महिमा देखाउन बाटो तयार पारिन्दै थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किंग्स,* पृ. २९२।

केही वर्षपछि असेरियाका राजा सेन्क्रिबले आफ्नो ध्यान यहूदातिर फर्काए र त्यसमाथि आक्रमण गरेर सबै बलिया शहरहरूलाई आफ्नो कब्जामा लिए। सेन्क्रिबले मानिसहरूमाथि असह्य कर पनि लादिदिए (२ राजा १८:१३-१५)। राजा हेजकियाले असेरियाका राजालाई खुशी पार्न मन्दिरलाई रित्तो पारे र दरवारमा भएका सबै धनसम्पत्तिलाई पनि खाली गरे तर यरुशलेम शहरलाई बिदेशी राजालाई समर्पण गर्न हेजकिया तयार थिएनन्। तर असेरियाका राजाले यरुशलेमको धनसम्पत्तिमात्र होइन यरुशलेमलाई नै आफ्नो सामु समर्पण गराउन आफ्ना दुतहरूलाई राजा हेजकियाकहाँ पठाए।

असेरियाका मानिसहरूले परमेश्वरका जनताहरूको मजाक उडाए। तिनीहरूका वरिपरि रहेका देशका देवीदेवताहरूले असेरियाको आक्रमणबाट सुरक्षा दिन सकेनन् भनेर तिनीहरूले औंल्याए। त्यसकारण ती दुतहरूले राजालाई यसरी ठाडो चुनौती दिएकि यहूदाका परमेश्वर अरू देवीदेवताहरूभन्दा पनि उत्तम छ भनेर किन सोच्ने? (२ राजा १८:२८-३०, ३३-३५)।

तब हेजकिया असेरियाको सामु नीरिह भएर केही गर्न नसक्ने परिस्थितिमा पुग्नुपर्दा उनले प्रार्थनाको बिकल्प अरू देखेनन् (२ राजा १९:१५-१९)। हेजकियालाई साहस दिन परमेश्वरले अगमबक्ता यशैयालाई प्रयोग गरिसक्नुभएको थियो (२ राजा १९:६)।

असेरियाको आक्रमणको धम्कि र भयङ्कर सङ्कटको समयमा आफ्ना जनहरूको निम्ति परमेश्वरको के सन्देश थियो? हेर्नुहोस् २ राजा १९:९-३४ बिशेष गरेर २१, २२ पदमा ध्यान दिनुहोस् "अब मिश्रदेशका कूशी राजा तिर्हाकाह आफूसित लड़ाइँ गर्नलाई आइरहेका छन् भनी सनहेरीबले प्रतिवेदन पाए। यसैले उनले फेरि यहूदाका राजा हिजकियाकहाँ यसो भनेर समाचारवाहक पठाए, १० "यहूदाका राजा हिजकियालाई भन्नूः 'यरूशलेम अश्शूरका राजाको हातमा पर्नेछैन' भन्ने तिमीले भरोसा गरेका देवताले तिमीलाई धोका नदिऊन्। ११ अश्शूरका राजाहरूले सबै देशहरूलाई के गरेका छन्, र तिनीहरूलाई कसरी सम्पूर्ण सर्वनाश गरेका छन् सो तिमीले निश्चय नै सुनेकै छौ। अनि के तिमी छुटकारा पाउने आशा गर्दछौ र? १२ के मेरा पिता-पुर्खाहरूले सर्वनाश गरेका जातिहरूका देवताहरूले तिनीहरूलाई छुटकारा दिए त– गोजान, हारान, रेसेप र तेल-अस्सारमा बस्ने अदनका

मानिसहरूका देवताहरू? १३ हमातका राजा, अर्पादका राजा वा सपर्बेम सहरका राजा, अथवा हेना वा इव्वाका राजाहरू कहाँ छन् त?" १४ हिजकियाले यो चिट्ठी समाचारवाहकहरूबाट लिए, र पढ़े। तब तिनी परमप्रभुको मन्दिरमा उक्लेर गए, र परमप्रभुको सामुन्ने त्यो खोलेर राखिदिए। १५ र हिजकियाले परमप्रभुमा यो प्रार्थना चढ़ाए: "हे परमप्रभु, इस्राएलका परमेश्‍वर, जो करूबहरूका बीचमा सिंहासनमा विराजमान हुनुहुन्छ, पृथ्वीका सारा राज्यहरूमा तपाईं मात्र परमेश्‍वर हुनुहुन्छ। तपाईंले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो! १६ हे परमप्रभु, आफ्ना कान खोलेर सुन्नुहोस्! हे परमप्रभु, आफ्ना आँखा खोलेर हेर्नुहोस्। जीवित परमेश्‍वरलाई ठट्टा गर्न सनहेरीबले पठाएका कुराहरू सुन्नुहोस्। १७ "हे परमप्रभु, यो कुरा साँचो हो, कि अश्शूरका राजाहरूले यी जाति-जातिहरू र यिनीहरूका देशहरूलाई उजाड़ पारेका छन्। १८ उनीहरूले यिनीहरूका देवताहरूलाई आगोमा हालेर सर्वनाश पारिदिएका छन्, किनकि तिनीहरू त ईश्‍वर थिएनन्, तर मानिसहरूका हातले बनाएका काठ र ढुङ्गा मात्र थिए। १९ अब हे परमप्रभु हाम्रा परमेश्‍वर, उनको हातबाट हामीलाई बचाउनुहोस्, ताकि पृथ्वीका सबै राज्यहरूले यो जानून् कि परमप्रभु, तपाईं मात्र परमेश्‍वर हुनुहुन्छ।" २० तब आमोजका छोरा यशैयाले हिजकियाकहाँ एउटा समाचार पठाए, "परमप्रभु इस्राएलका परमेश्‍वर यसो भन्नुहुन्छ: 'अश्शूरका राजा सनहेरीबको विषयमा तैंले मलाई चढ़ाएको प्रार्थना मैले सुनें। २१ त्यसको विरुद्धमा परमप्रभुले भन्नुभएको वचन यही हो: " 'सियोनकी कन्ये-छोरीले तिम्रो निन्दा गर्छिन्, र तिम्रो गिल्ला गर्छिन्। तिमी भागेर जाँदा यरूशलेमकी छोरीले आफ्नो शिर हल्लाउँछे। २२ तिमीले कसको ठट्टा र निन्दा गर्‍यौ? कसको विरुद्धमा तिमी चिच्च्यायौ, र घमण्डले तिम्रा आँखा उठायौ? इस्राएलका परमपवित्रको विरुद्धमा हो! २३ आफ्ना समाचारवाहकहरूद्वारा तिमीले परमप्रभुमाथि अनादर थुपारिस्, र तिमीले भन्यौ, "मेरा धेरै रथहरूसित म पहाड़का टाकुराहरूमा चढ़ेको छु, लेबनानका सबैभन्दा उच्च टाकुराहरूमा। मैले त्यसका सबैभन्दा अग्ला देवदारुका रूखहरू, त्यसका सबैभन्दा असल सल्लाका रूखहरू ढालें। म त्यसको पल्लो कुनामा, त्यसका सबैभन्दा सुन्दर वनहरूमा पुगें। २४ मैले विदेशी ठाउँहरूमा कूवा खनेको छु, र त्यहाँ पानी पिएको छु। मेरा खुट्टाका पैतालाले मैले मिश्रदेशका खोलाहरू सुकाइदिएँ।" २५ " 'के तिमीहरूले सुनेका छैनौ र? उहिले नै मैले त्यो ठहराएँ। तादिका दिनमा नै मैले त्यो युक्ति रचें। अब मैले यो पूरा गरेको छु, कि तिमीले

किल्ला भएका सहरहरूलाई ढुङ्गाहरूका थुप्रा तुल्याएको छस्। २६ तिनीहरूका नगरवासीहरूको बल सुकेर तिनीहरू निराश भएर लज्जित भएका छन्। तिनीहरू मैदानका बोटहरूजस्तै, कलिला हरिया मुनाहरूझैं छन्, उम्रन अघि नै सुकिहाल्नेजस्तै छन्। २७" 'तर तिमी कहाँ बस्छौ म जान्दछु। तिमी बाहिर गएको र भित्र आएको मलाई थाहा छ। मेरो विरुद्धमा तिम्रो रीसको झोंक म जान्दछु। २८ तिमीले मेरो विरुद्धमा झोंक देखाएकोले, र तिम्रो अहङ्कार मेरो कानमा पुगेको कारणले, म तिम्रो नाकमा बल्छी र तिम्रो मुखमा लगाम लगाइदिनेछु, र तिमी आएकै बाटो भएर म तिमीलाई फर्कन लाउनेछु'। २९"ए हिजकिया, तिम्रो निम्ति चिन्हचाहिँ यो हुनेछः यो साल तिमीहरूले आफैले उम्रेका अन्न खानेछौ। दोस्रो साल त्यसैबाट उम्रेका खानेछौ। तर तेस्रो सालचाहिँ तिमीहरू छर र कटनी गर, दाखबारी लगाओ र त्यसको फल खाओ। ३० फेरि यहूदाका घरानाका बाँचेकाहरूले भूइँमुनि जरा हाल्नेछन्, र जमिनमाथि फल उमार्नेछन्। ३१ किनभने यरूशलेमबाट एउटा बाँकी रहेको भाग, र सियोन डाँड़ाबाट बाँचेकाहरूको एक दल निस्केर आउनेछन्। सर्वशक्तिमान् परमप्रभुको जोशले यो काम पूरा गर्नेछ। ३२ "यसैकारण अश्शूरका राजाको विषयमा परमप्रभु यसो भन्नुहुन्छः "त्यो यस सहरभित्र पस्नेछैन, अथवा त्यसले एउटा काँड़ पनि यहाँ हान्नेछैन। त्यो ढाल लिएर यसको अगि आउनेछैन, अथवा यसको विरुद्धमा घेरा-मचान लाउनेछैन। ३३ त्यो आएकै बाटो भएर फर्किजानेछ। यस सहरभित्र त्यो पस्नेछैन, परमप्रभु यही घोषणा गर्नुहुन्छ। ३४ मेरो खातिर र मेरो सेवक दाऊदको खातिर म यस सहरलाई रक्षा गर्नेछु र बचाउनेछु।"

छिट्टै अश्शुरका ठूलो सेनाहरूले यरुशलेमको पर्खाल वरिपरि घेरा लगाउँछन्। त्राही त्राही भएका शहरका जनताहरू बिहान उठेर अब तिनीरूको नाश हुनेभयो भनेर तिनीहरू डरले थुर थुर काम्छन्। आक्रमणकारीहरूले तिनीहरूको शहरलाई अब ध्वस्त बनाउनेभयो भनेर तिनीहरू अपेक्षा गर्दछन्। तर बिहान उठ्दा त तिनीहरूको आँखाले भ्यायसम्म शत्रु सेनाका सेनाहरू मरेर जताततै छरिरहेको देख्दछन् (२ राजा १९:३५)। लाजले भुतुक्क भएको अश्शुरको राज घरमा फर्कन्छन्। आफ्नो दरवारमा पुग्ने बित्तिकै आफ्नै दुई छोराहरूले उनको हत्या गर्दछन् (२ राजा १९:३५,३७) ।

अत्यन्त निराश र असम्भव परिस्थितिमामा पनि परमेश्वरमाथि भरोसा राख्नुपर्छ भनेर हामीले कसरी सिक्ने? हामीले सोचेको अनुसार सकारात्मक भएन भने किन हामीले ठूलो चित्रलाई मगजमा सधैं राखिराख्नुपर्छ?

## ४ मृत्युदण्डको घोषणा (एस्तर ३:८-११)

बाइबलको समयमा भएको पर्सियाको (आधुनिक इरान) सभ्यता तथा संस्कारहरूलाई बुझ्न बर्तमान परिप्रेक्ष्यमा बुझ्न त्यति सजिलो छैन। उदाहरणमा एस्तरको कथालाई लिन सक्छौं। तर एउटा कुरामा हामी निश्चित हुन सक्छौंः पर्सिया साम्राज्यलाई परमेश्वरले प्रयोग गर्नुभएर इस्राएली जातिहरूलाई आफूले गर्नुभएको करार मान्नुभएको र पूरा गर्नुभएको थियो। त्यो करार वा प्रतिज्ञा अर्थात् प्रतिवद्धता अब्राहमलाई गर्नुभएको समयदेखि नै थियो (उत्पत्ति १२:१-३, यशैया ४५:१, २ इतिहास ३६:२३)।

बिभिन्न घट्नाक्रमको दौरानमा यहूदी सुन्दरी युवती एस्तर पर्सियाको राजाको रानी बन्न पुगेकी थिइन्। उनी इजिप्तमा युशूफ र बेबिलोनमा दानिएल भन्दा भिन्नै तरिकाले उनको शक्तिको उदय भएको थियो। जसरी समय र परिस्थिति सुहाँउदोको निम्ति युशूफ र दानिएललाई आआफ्नो स्थानमा परमेश्वरले राख्नुभएको थियो त्यसरी नै एस्तर पनि उहाँको आवश्यकता पूरा गर्न बिदेशी राजाको दरवारमा रानी बन्न पुगेकी थिइन्। परमेश्वरले उनबाट अत्यन्त प्रभावकारी काम गर्नुभएको थियो। ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्ध इतिहासमा कसरी खेलिएका थिए भनेर एस्तरको कथा एक ज्वलन्त भएको छ।

हुनत परमेश्वर भन्ने एक शब्द पनि नरहेको एस्तरको किताबको गरिमा आफ्नै छ। एस्तर ३:८-११मा यहूदीहरूको बिरुद्धमा मृत्युदण्डको घोषणा गरिएको छ। त्यसमा बिशेष गरेर मसीहको आगमनलाई औंल्याएर यहूदीहरूप्रति परमेश्वरको योजना खुलाएको छ। यदि त्यो मृत्युदण्ड सफल भएको भए त्यो योजनाको असर कस्तो हुनेथियो होला? हेर्नुहोस्ः "८ तब हामानले राजा अहासूरसलाई भने, "हजूरको राज्यका समस्त प्रान्तमा धेरै मानिसहरूका बीचमा फैलिएको एउटा जाति छ। तिनीहरू अलग्गै बस्छन्। तिनीहरूका रीतिरिवाजहरू अरू सबै जातिका भन्दा बेग्लै छन्। तिनीहरूले हजूरका ऐनकानून पालन गर्दैनन्। हजूरले तिनीहरूलाई सहानुभूति देखाउनु उचित छैन। ९ यदि महाराजाको इच्छा भए तिनीहरूका विनाशको निम्ति

एउटा लिखित आज्ञा निकालिबक्सिओस्। यो काम गर्ने हजूरका कर्मचारीहरूका लागि म राजकोषमा जम्मा गर्न तीन लाख किलो चाँदी दिनेछु।" १० तब राजाले आफ्नो छाप-औँठी आफ्नो औँलाबाट झिकेर यहूदीहरूको शत्रु अगागी हम्मदाताका छोरा हामानलाई दिए। ११ उनले हामानलाई भने, "त्यो चाँदी आफूसँग राख। ती मानिसहरूप्रति तिमीलाई जे इच्छा लाग्छ त्यही गर।"

"आफूले घोषणा गरेको उर्दीमा लालमोहर लगाउँदा पछि त्यसले कतिको हानी गर्दो रहेछ भन्ने कुरालाई राजाले महसुस गरेका थिएनन्। सत्य सनातन परमप्रभु परमेश्वरको बारेमा ज्ञान भएको यहूदी जातिलाई यस संसारबाट सखाप पार्न शैतान आफै सक्रिए भएको थियो।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किंगस्, पृ. ६००,६०१बाट रूपान्तरित। शैतानलाई थाहा थियो कि त्यही जातिबाट भविष्यमा संसारको उद्धारकर्ताको जन्म हुनेछ।

यो पनि रोचक मान्नुपर्छ कि यहूदीहरूको हत्या गर्ने योजनाको मूल बिषयबस्तु थियोः तिनीहरूको उपासना भिन्नै तरिकाको थियो (एस्तर ३:५,८) र शासकको व्यवस्था, संस्कार र चालचलनलाई मान्दैनन् रे! ख्रीष्टको दोस्रो आगमनको समयसम्म हुने बिभिन्न घट्नाहरू एस्तरको समयमा भन्दा फरकै हुनेछ। तर जुन् परिस्थिति येशूभक्तहरूले संसारको अन्तमा सामना गर्नेछ त्यही परिस्थिति एस्तरको समयमा जस्तै हुनेछ र ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्ध पनि त्यस्तै खालको हुनेछ। जो भक्तहरू परमेश्वरप्रति यहूदीहरू जस्तै बफादार भएर बस्छन् तिनीहरू पनि त्यस्तै मृत्युदण्डको घोषणामा सहभागी हुनुपर्नेछ। हामीलाई यो चेतावनीले सतर्क गराएको छ "सबै जना जो पशु वा शैतानको प्रतिमा वा प्रतिकलाई पूजा गर्दैन तिनीहरू मारिनेछ।" (प्रकाश १३:१५ रूपान्तरित)। यो कुरा निश्चित छ कि इतिहास दोहोरिएतापनि प्रायजसो हामीले इतिहासबाट सिक्नुपर्ने पाठ सिक्न जानेका छैनौं। (एस्तरको हस्तक्षेपले यहूदीहरू कसरी बचे भनेर थाहा पाउन एस्तरको बाँकि कथा बाइबलमा राखिएको त्यस पुस्तक पढ्नुहोला)।

हामीभन्दा फरक मानिसहरूलाई बिश्वास नगर्ने वा सदाशयता नदेखाउने बानी हामीमा किन हुने गर्छ? हामीहरूको मत वा बिचारमा नहिँड्ने मानिसहरूप्रति पूर्वाग्रह राख्नु गलत हो भनेर सृष्टि र मुक्तिको प्रभावकारी आत्मज्ञानले हामीलाई कसरी सिकाउनुपर्छ? त्यस्तो आततायी गलत मनस्थितिबाट हामी कसरी शुद्ध हुने?

## ५. नेहमिया (नेहमिया १)

नेहमियाको कथा पनि त्यसै बेला हुन्छ जब इस्राएल राष्ट्रको आफ्नै सरकार थिएन। तर बिदेशमा इस्राएलीहरू साना साना झुण्डहरू भएर छरिएका थिए। उहाँका जनहरूले उहाँलाई बिर्सेपनि र जतातातै छरपस्त भएर बस्न बाध्यता भएपनि आफूले गर्नुभएको करारप्रति परमेश्वर सधैं प्रतिवद्ध हुनुभएको थियो।

परमेश्वरको अगमवक्ता नेहमियाले परमेश्वरसँग एक भावपूर्वक प्रार्थना गरेका थिए भनेर नेहमिया १ले बताउँछ। उनको प्रार्थाना दानिएलले दानिएल ९:४-१९मा गरेको सम्झना गराउँछ। दुबै प्रार्थनाको बिषयबस्तु के हो? ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक संग्रामको परिप्रेक्षयमा ती प्रार्थनाहरू कसरी मिल्दछ? हेर्नुहोस् दुबै प्रार्थनाहरू: "१ हकल्याहका छोरा नहेम्याहको विवरणः बीसौं वर्षको किसलेव महिनामा जब म राजधानी शूशनमा थिएँ, २ तब मेरा दाजुहरूमध्येका एक जना हनानी अरू कोही मानिससँग यहूदाबाट आइपुगे। मैले यरूशलेमको र कैदबाट अरू बाँचेका यहूदीहरूको विषयमा तिनीहरूसित सोधपूछ गरें। ३ तिनीहरूले मलाई भने, "निर्वासनबाट बाँचेर प्रदेशमा आएकाहरूले साह्रै दुःख र निन्दा सहनुपरिरहेको छ। यरूशलेमको पर्खाल भत्काइएको छ र त्यसका मूल ढोकाहरू आगोले नष्ट पारिएका छन्।" ४ यो समाचार सुनेपछि बसेर म रोएँ। म केही दिनसम्म विलाप गर्दैरहें, र उपवास बसें अनि स्वर्गका परमेश्वरसित प्रार्थना गरें। ५ तब मैले भनें: "हे परमप्रभु, स्वर्गका परमेश्वर, महान् र भययोग्य परमेश्वर, तपाईंलाई प्रेम गर्नेहरू र तपाईंका आज्ञा पालन गर्नेहरूसँग तपाईंले आफ्नो करार विश्वाससित राख्नुहुन्छ। ६ इस्राएलका मानिसहरू, तपाईंका दासहरूका पक्षमा रातदिन तपाईंलाई गरेको मेरो विनम्र प्रार्थना सुन्न तपाईंले आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस्। तपाईंको विरुद्धमा हामी सबै इस्राएलीहरूले गरेका पाप म स्वीकार गर्दछु। म र मेरा पिताको घराना पनि त्यसमा दोषी छौं। ७ तपाईंले आफ्ना दास मोशालाई दिनुभएका आज्ञा, धर्म-विधि र नियमहरूलाई पालन नगरेर हामीले तपाईंको विरुद्धमा घोर अपराध गरेका छौं। ८ "आफ्ना दास मोशालाई यसो भनेर आज्ञा गर्नुभएको वचन सम्झनुहोस्, ९ 'यदि तिमीहरू अविश्वासी भयौ भने म तिमीहरूलाई जाति-जातिहरूका बीचमा तितरबितर पार्नेछु, तर तिमीहरू मतिर फर्क्यौ र मेरा आज्ञाहरू पालन गर्‍यौ भने पृथ्वीको पल्लो छेउसम्म पनि कैदमा रहेका तिमीहरूका निर्वासित

मानिसहरूलाई म भेला गर्नेछु, र मेरो नाउँको वासस्थान हुन मैले छानेको ठाउँमा म तिनीहरूलाई फर्काएर ल्याउनेछु'। १० "तपाईंले आफ्नो महाबल र शक्तिशाली हातद्वारा उद्धार गर्नुभएका तिनीहरू तपाईंका दासहरू र तपाईंका प्रजा हुन्। ११ हे परमप्रभु, तपाईंको दासको विनम्र प्रार्थनामा ध्यानसित कान थाप्नुहोस्, र तपाईंका नाउँको सम्मान गर्न प्रसन्न हुने तपाईंका दासहरूको प्रार्थना सुन्नुहोस्। आज यस मानिसको उपस्थितिमा आफ्नो सेवकमाथि कृपा देखाई उसलाई सफलता दिनुहोस्।" त्यस बेला म राजाको मद्य टक्र्याउनेहरूका अधिकृत थिएँ।" (नेहमिया १) र "१ अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो मादी वंशका थिए र बेबिलोनी* राज्यका शासक तुल्याइएका थिए– २ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ। ३ यसकारण उपवाससाथ भाङ्ग्रा ओढ़ेर खरानी धसी प्रार्थना र अन्तर्बिन्ती गर्दै परमप्रभु परमेश्वरतिर फर्केर्। ४ मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरें: "हे परमप्रभु, महान् र भययोग्य परमेश्वर, जसले उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ, ५ हामीले पाप गरेका छौं र गल्ती गरेका छौं। हामी दुष्ट भएका छौं र बागी बनेका छौं, हामी तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं। ६ हामीले तपाईंका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले तपाईंको नाउँमा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र देशका सबै मानिसहरूसँग बोलेका थिए। ७ "परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी यहूदाका मानिसहरू र यरूशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौं। ८ हे परमप्रभु, हामी र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौं, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। ९ हामी उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ। १० हामीले परमप्रभु हाम्रा परमेश्वरका आज्ञा पालन गरेका छैनौं र उहाँका सेवक अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं। ११ तपाईंको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाईंको व्यवस्था भङ्ग गरेका छन् र तपाईंदेखि टाढ़ा भएका छन्। "यसकारण परमेश्वरका सेवक मोशाको

व्यवस्थामा उल्लिखित सराप र शपथ गरिएका फैसलाहरू हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू तपाईंले पूरा गर्नुभएको छ। यरूशलेमसित आकाशमुनि कहिल्यै नगरिएको व्यवहार गरिएको छ। १३ मोशाको व्यवस्थामा लेखिएजस्तै यी सबै विपत्ति हामीमाथि आएका छन्, तैपनि आफ्ना पापदेखि फर्की तपाईंको सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्‍वरको कृपा खोजेका छैनौं। १४ हामीमाथि विपत्ति ल्याउन परमप्रभु अनकनाउनुभएन, किनभने परमप्रभु हाम्रा परमेश्‍वर उहाँले गर्नुहुने सबै कुरामा धर्मी हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका छैनौं। १५ "अब हे परमप्रभु हाम्रा परमेश्‍वर, जसले आफ्ना जनहरूलाई शक्तिशाली हातले मिश्रदेशबाट ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौं। १६ हे परमप्रभु, तपाईंका धार्मिक कार्यअनुरूप तपाईंको सहर, तपाईंको पवित्र डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रीस हटाउनुहोस्। हाम्रा पाप र हाम्रा पिता-पुर्खाका अपराधले गर्दा यरूशलेम र तपाईंकामानिसहरू हाम्रा वरिपरिका मानिसहरूका सामु गिल्लाका पात्र बनेका छन्। १७ "अब हे हाम्रा परमेश्‍वर, आफ्नो दासको प्रार्थना र अन्तर्बिन्ती सुन्नुहोस्। हे परमप्रभु, तपाईंको आफ्नै खातिर आफ्नो उजाड़ पारिएको पवित्रस्थानमाथि कृपा-दृष्टि राखिदिनुहोस्। १८ हे परमेश्‍वर, आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान् कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कार्वाही गर्नुहोस्। हे मेरा परमेश्‍वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले तपाईंको नाउँ बोकेका छन्।" दानिएल ९:१-१९।

नेहमियाको प्रार्थनाको जवाफमा परमेश्‍वरले राजाको हृदयलाई परिचालन गर्नुभयो र उनमाथी राजाको निगाहा प्राप्त भयो जसको फलस्वरुप भत्किएको यरुशलेम मन्दिर पुननिर्माण गर्न उनलाई अनुमती मिलेको थियो। जब उनी यरुशलेममा फर्किन्छन् तब केही दिन उनी यताउती हेर्दै समय बिताए। रातको समयमा उनले त्यस शहरलाई सर्वेक्षण गर्दछन् तर त्यहाँ भएका भत्किएका सामानहरूको थुप्रोले गर्दा उनी त्यति सफल भएको थिएन

(नेहमिया २:१४)। त्यसकारण उनी पर्खालभन्दा बाहिर गएर शहरको सर्बेक्षण गर्दछन्।

जब नेहमियाले इस्राएलका अगुवाहरूलाई मन्दिरको पुननिर्माण गर्न आह्वान गर्छन् त तिनीहरूले अनेकन् बहाना निकालेर साथ दिन मान्दैनन्। मन्दिरको पुननिर्माण गर्न असम्भव छ भनेर अगुवाहरूले नेहमियालाई निराश पार्न खोज्दा उनले के गरे? हेर्नुहोस् नेहमिया २:१३-२०। आज पनि हामीहरूको चर्च बनाउने परिस्थितिमा नेहमियाबाट कसरी सिक्ने? "१३ म राती बेँसी ढोकाबाट बाहिर निस्कें, र यरूशलेमका पर्खालहरू भत्केका र मूल ढोकाहरू जलाइएका ठाउँको निरीक्षण गर्दै म फोहोर ढोका र स्यालको पोखरीतिर गएँ। १४ तब म फुहारा ढोका र राजाको पोखरीतिर गएँ, तर म सवार भएको पशुको निम्ति भित्र पस्नलाई ठाउँ पुगेन। १५ यसैले म राती बेँसीबाट उक्लेर गएँ, र सहरका पर्खालको निरीक्षण गरें। त्यसपछि म फेरि बेँसी ढोका भएर सहरमा पसें। १६ म कहाँ गएँ र के गरें, सो अधिकारीहरूले थाहा नपाई म फर्केर आएँ। अझसम्म यहूदीहरू, पूजाहारीहरू, भारदारहरू, अधिकारीहरूलाई वा यस कामको जिम्मा लिनेहरू कसैलाई पनि मैले केही भनेको थिइनँ। १७ त्यसपछि मैले तिनीहरूलाई भनें, "तिमीहरू हाम्रो दुर्दशा जान्दछौ। यरूशलेम उजाड़ भएको छ। त्यसका मूल ढोकाहरू आगोले भस्म भएका छन्। आओ, हामी यरूशलेमको पर्खालको पुनर्निर्माण गरेर हाम्रो निन्दा हटाऔं।" १८ परमेश्वरको कृपालु हात कसरी ममाथि परेको थियो, र राजाले मलाई के भन्नुभएको थियो, सो मैले तिनीहरूलाई बताइदिएँ। तिनीहरूले जवाफ दिए, "हामी पुनर्निर्माणको काम सुरु गरौं।" यसैले तिनीहरूले उत्साहपूर्वक यो असल काम सुरु गरे। १९ तर होरोनी सन्बलत र अम्मोनी अधिकृत तोबिया र अरबी गेशेमले यो कुरा सुनेर हामीलाई यसो भनेर खिसी गर्दै हाम्रो गिल्ला गर्न लागे, "तिमीहरू के गरिरहेछौ? के यो राजाको विरुद्धमा गरेको विद्रोह होइन र?" २० तर मैले उनीहरूलाई यो जवाफ दिएँ, "स्वर्गका परमेश्वरले हामीलाई सफल तुल्याउनुहुनेछ। हामी उहाँका दासहरू पुनर्निर्माणको काम सुरु गर्दैछौं। तर यरूशलेममा तिमीहरूको केही भाग, दाबी वा परम्पराको अधिकार छैन।"

सुरूसुरूमा नेहमियाले आफू किन बिदेशमा राजाको नोकरी सेवाबाट बिदा लिएर किन आएँ भनेर यरूशलेमका अगुवा तथा अधिकारीहरूलाई भनेनन्। किनभने यरुशलेममा कतिपय मानिसहरू थिए जसले नेहमियाले गर्न

खोजेको कामप्रति आपत्ती जनाएका थिए। यरुशलेमको जिर्णोद्धार गर्ने काममा तिनीहरूले बाधा दिन चाहेका थिए। तर तिनीहरू यहूदीहरू थिएनन् तर बिदेशबाट आएर यरुशलेममा बसोबास गरेका थिए जसले गर्दा यरुशलेमको हित चाहेका थिएनन। जब नेहमियाले अगुवाहरूलाई समेटेर यरुशलेमको पर्खाल बनाउन सुरू गरे (नेहमिया ३) तब तिनीहरू रीसले चुर भए (नेहमिया ४:१)। तिनीहरूले काममा लागेकाहरूको प्रयासलाई हँस्सी उठाए (नेहमिया ४:२,३)। तर जब ती बिरोधीहरूले परमेश्वरका जनहरूले आफ्नो काममा गम्भिर भएको देखे (नेहमिया ४:६) तब तिनीहरू असह्य भएर परमेश्वरका जनहरूलाई आक्रमण गर्न सुरिए (नेहमिया ४:७,८)।

त्यस्तो परिस्थितिमा निराश भएर पुननिर्माणको काम गर्न झ्वाट्टै छोड्न सकिन्थ्यो। तर बिरोधीहरूको बिरोधको बाबजुद पनि यहूदीहरूले आफ्ना काममा निरन्तरता कायम गरे। परमेश्वरमाथि पूरा भरोसा राखेर नेहमियाले पर्खाल बनाउने यहूदीहरूको नाइके भएर कामलाई निरन्तरता दिए र शत्रुहरूको धम्कि परमेश्वरकै हातमा उनले छोडे (नेहमिया ६:१४,१५)।

हाम्रो जीवनमा समस्या तथा तगारोहरू आइपर्छन्। तर कहिले ती समस्याहरूले गर्दा काम छोड्ने वा निरन्तरता जारी राख्ने कसरी थाहा पाउने?

## उपसंहारः

थप जानकारीः निःसन्देह, यस अध्यायको पाठले आफ्ना जनहरूलाई देखाउनुभएको परमेश्वरको प्रतिवद्धतालाई बाइबलले कसरी कोरेको छ भनेर हामीलाई सिकाइएको छ। कतिपय समयमा जे भइरहेको थियो त्यसबेला परमेश्वरको सहभागिता प्रतक्ष्यरूपमा नदेखिएको थियो। दाउदको मारमा परेको हिटाइटको युरिया पात्र जस्ताहरूको केही कथाहरूबाहेक अरू कथाहरूको सुरूदेखि अन्तसम्म पढ्न पाएका थियौं। बाइबलको समयमा भएका पात्रहरूले भोगेका जीवन गाथाहरूमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको युद्ध चलेको देखाए जस्तै हामी पनि कुनै न कुनै रूपमा त्यसमा सहभागी भइरहेका हुन्छौं। बाइबलका पात्रहरूलाई जस्तै कतिपय समयमा तिनीहरूले सोचेको जस्तै सधैं राम्रो नभएको हामीले पनि पाउँछौं। त्यसकारण हामी येशूभक्तहरूले कठिन समयहरूमा ती कथाहरू सम्झनु अति आवश्यक देखिनुपर्छ। यहाँ पावलको व्यवहारिक र साहस दिने अभिव्यक्ति हामी पढौं "१६ यसकारण हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ

दिनदिनै नयाँ हुँदैजान्छ। १७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान् महिमा तयार गरिरहेछ। १८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।" (२ कोरन्थी ४:१६-१८)। यहाँ पावलले हामीहरूलाई बर्तमान समयमा जे देखिरहेकाछौं त्यो भन्दा दुर हेर्न आह्वान गरिरहेको पाउँछौं। उनले यो पनि भन्न चाहन्छ कि स्वर्गमा हामीले गुजार्नपर्ने भविष्यको जीवनको सामु यस संसारमा झेलिने सबै दुःख कष्टहरू केवल क्षणिक र निष्ठुर ठट्टामात्र हुन्।

**चिन्तनमनन:**

१. हामीलाई अत्यन्त उत्साहित बनाउने र महान आशाहरू दिलाउने केही अरू प्रतिज्ञाहरू बाइबलमा कहाँ कहाँ छन्? हामीहरूको जीवनको निम्ति त्यसले कस्तो चित्रण गर्दछ?
२. परमेश्वरले अति आशिष पाएका र परमेश्वरको आवाजलाई पनि चिन्न सक्ने दाउद कसरी पतन भयो सो चिन्तन गर्नु जरुरी छ। परमेश्वरले उनलाई प्रसस्त आशिष दिनुभएको थियो तैपनि उनी पापको फन्दामा परे। त्यस मूर्खतापूर्ण कथाको नकारात्मक पक्षलाई हेर्नुभन्दा सकारात्मक पक्षलाई पनि हेरौंः त्यस्तो पतित भएको मानिसलाई पनि परमेश्वरको अनुग्रहले कसरी काम गर्न सक्यो। हामीहरूको मुक्तिको निम्ति येशूले कस्तो पूरा मूल्य चुकाउनुभयो भनेर त्यसले हामीलाई कसरी भन्दछ। जब हामी हृदयदेखि पश्चाताप गर्छौं तब परमेश्वरले हामीलाई क्षमा दिनुहुन्छ भनेर कसरी यकिन हुने? हामी पापमा कति गिर्‍यौं भन्नेमा ध्यान दिने होइन येशू हाम्रो निम्ति कति गिर्नुभयो त्यसमा ध्यान दिऔं।